" समृद्ध पुतलीबजार सुखी नगरवाशी "

# पुतलीबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

स्याङ्जा

गण्डकी प्रदेश,नेपाल, पुतलीबजार, स्याङ्जा

प.सं.:

च.नं.:

मितिः २०७७।०४।२६

## प्रेस विज्ञप्ती

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस Covid-19 संक्रमणवाट हाम्रो पुतलीबजार नगरपालिकामा समेत संक्रमण फैलिएको व्यहोरा सवैलाई अवगत नै छ । हाल सम्म यस नगरपालिकामा ८३० वटा PCR Sample Test गरिएकोमा ६८० जनाको PCR Report negative, ६८ जनाको PCR Report Positive आएको छ भने ८३ Report आउन वाँकी रहेको छ । PCR Report Positive भइ आइसोलेशनमा वस्नु भएका मध्ये ३६ जना निको भइ घर गइसक्नु भएको छ । वाँकी ३२ जना मध्ये ११ जना करेण्डाँडा र २१ जना हेलुको कालिका सामुदायिक अस्पतालको आइसोलेशनमा हुनुहुन्छ । नगरपालिकाले सीमित श्रोत साधनलाई अधिकतम प्रयोग गर्दै विगत चार महिना देखी यस संक्रमणको नियन्त्रण एवं रोकथामको लागि नेपाल सरकारले तयार गरेको स्वास्थ्य मापदण्ड अनुसार नै व्यवस्थापनका प्रयासहरु गरिरहेको छ । कोरोना भाइरस नियन्त्रण तथा रोकथाम, क्वारेन्टाइन व्यवस्थापनका कार्यहरुमा दिन रात नभनी नगरपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरु खटीइरहनु भएको छ । क्वारेन्टाइन तथा आइसोलेशनमा विरामीहरुलाई २/३ मिटरको दुरीमा वेडको व्यवस्थापन गरिएको छ, संक्रमितहरुलाई आवश्यक पर्ने सरसफाइका सामानहरु सावुन, वाल्टी, कुचो, डस्टविन, हार्पिक, फिनेल, मास्क, स्यानीटाइजर जस्ता सामाग्रीहरु नियमित र आवश्यकताका आधारमा कोठा कोठामा नै व्यवस्थापन गरिएको छ । यस कार्यमा हालसम्म विभिन्न राजनैतिक दल, सरकारी तथा गैरसरकारी संघ संस्था, उद्यमी व्यवसायी तथा आम नगरवासीहरुको सकारात्मक सहयोग प्राप्त भएको छ । यसका लागि नगरपालिकाको तर्फवाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यसरी कोरोना रोकथाम र नियन्त्रणको उचित व्यवस्थापन र सहयोग हुँदा हुँदै पनि हाल सामाजिक सञ्जालहरुमा केहि व्यक्तिले नगरपालिकाले व्यवस्थापन गरेको आइसोलेशन कक्षको विषयमा वास्तविकता भन्दा फरक किसिमले प्रचार प्रसार गरेको पाइएकोले यस प्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । प्रयोगमा नरहेको पुरानो वेसिन, प्रयोग विहिन रुपमा स्टोरमा रहेका सामान, संक्रमीत भइ निको भएर घर जाने क्रममा सरसफाईका लागि निकालिएका वेड सिट लगायतका समानहरुको फोटो राखी अनावश्यक प्रचार प्रसार गरिनु ज्यादै निन्दनिय छ । स्थानीयस्तरमा भएको हाल सम्मको सकारात्मक प्रयासलाई अनुचित ढंगवाट गरिएका यस्ता प्रचारको भ्रममा नपरी भइरहेको सकारात्मक सहयोगलाई निरन्तरता दिन आम नगरवासी दाजुभाइ दिदिवहिनीहरुमा म हार्दिक अनुरोध गर्दछु ।

सीमा कुमारी क्षेत्री
नगर प्रमुख

पुतलीबजार नगरपालिका वडा नं. १, गण्डकी प्रदेश, नेपाल, फोन नं. :०६३-४२०४०९
E-mail:info@putalibazarmun.gov.np, putalibazarmun@gmail.com, Website : www.putalibazarmun.gov.np